प्रदेश सरकार

प्रदेश नं २

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

# स्थानिय तह सहकारीको सहकार्यमा कृषि यान्त्रिकिकरण प्रवर्द्धनको लागी Custom Hiring Center को स्थापना सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/१०/०६

**संशोधन सहित प्रकाशित मिति २०७७/१०/०८**

कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ मा व्यवस्था भए बमोजिम आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं २ का स्थानिय तह वा सहकारी संस्था वा कृषि वस्तु उत्पादन गराई खरीद गर्ने कार्यमा संग्लन (चिनि मिल जस्ता) कृषि उद्योगको एकल वा संयुक्त लागत साझेदारीमा तोकिएको ढाँचामा तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको ३० औ दिन (२०७७ फाल्गुण ०५ गते सम्म) कार्यालय समय भित्र यस निर्देशनालयमा आइपुग्ने गरि खामवन्दी प्रस्ताव पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताब छनौटका लागि समाबेश हुने छैन। कार्यक्रमको संख्या माग र वजेट उपलव्धता अनुसार थप हुन सक्नेछ। प्रस्ताव स्विकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासंग सम्वन्धित सम्पुर्ण अधिकार निर्देशनालयमा सुरक्षित रहनेछ। यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढांचा यस निर्देशनालयको वेभसाईट add.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।

पेश गर्नु पर्ने विवरण र कागजातहरु

१. अनुदान माग गर्ने आवेदन फारम (रु.१० को हुलाक टिकट टांसेको)।

२. कृषि उद्योगको हकमा दर्ता र नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर लिएको प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र । सहकारी संस्थाको हकमा संचालक समितीको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण तथा कर चुक्ता (पछिल्लो २ आ. व. सम्मको), आ. व. २०७६/७७ को कर चुक्ता नभएको हकमा आ. व. २०७५/७६ को कर चुक्ता र कर वुझाउने म्याद थप भएको स्व. प्रमाणित प्रतिलिपीहरु ।

३. कस्टम हायरिग सेन्टर छनौटका लागी कृषकहरुलाई पायक पर्ने ठाँउ, चारैतिर तारवार वा पक्की पर्खाल लगाएको, कार्यालय कोठा भएको, यन्त्र उपकरण राख्ने सेड भएको, यन्त्र उपकरणहरुको सहज आवागमन हुन सक्ने र विधूतको उपलव्धता भएको हुनुपर्नेछ।

४. कस्टम हायरिग सेन्टरको लागी जग्गा (कम्तिमा ५कठ्ठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने आधिकारिक भाडाका कागजपत्रहरु, जग्गाधनीको कित्ता नं खुलेको विवरण।

५. कस्टम हायरिग सेन्टरको प्रस्ताव (उदेश्य औचित्य, जग्गाको क्षेत्रफल (कम्तिमा ५कठ्ठा), जग्गाको स्वामित्वको किसिम (आफ्नै/भाडामा), सेवा प्राप्त हुने क्षेत्रफल, लाभग्राही, आयोजनाको GPS code सहितको सामान्य नक्सा तथा मांग गरेको कृषि औजार, यन्त्र, उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन सहित कुल लागत अनुमानको सारांश विवरण)।

६. कस्टम हायरिग सेन्टरको लागी चाहिने उपकरणको लागत अनुमान आधिकारीक ईन्जिनियरवाट तयार गरीएको हुनु पर्नेछ। लागत अनुमानमा साझेदारी अंश (न्युनतम २५ प्रतिशत हुनुपर्ने) र श्रोत खुलाउनु पर्ने।

७. स्थानिय तह वा कृषि जन्य उधोगको हकमा अनुदान माग गर्ने सम्वन्धमा गरेको निर्णयको प्रतिलिपि।

८. कस्टम हायरिग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गामा स्विकृति दिईएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस।

९. निर्देशनालयले आवश्यक देखेमा सम्वन्धित कृषि ज्ञान केन्द्र र स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि कस्टम हायरिग सेन्टरको गर्नुको आवश्यकता र औचित्य खुलेको छुट्टा सिफारिश पत्र र अन्य पुष्टयाई माग गर्न सक्नेछ।

१०. दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजातहरु अध्ययन गरी रित पुर्वकका प्रस्तावहरुको स्थलगत अध्ययन निरीक्षण र मुल्यांकन गरी छनौट गरिनेछ। प्रस्तावहरु खोलिने मिति, स्थान र समय यस निर्देशनालयले सूचना जारी गर्नेछ ।

थप जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री विकाश कुमार साह (मो.न. ९८४५२२५४३९) वा प्राविधिक सहायक श्री पवन तिवारी (मो.न.९८४४३२१८३३) लाई सम्पर्क गर्नु हुन अनुरोध छ। यस निर्देशनालयको Android app DoadP2 वाट पनि यो सुचना प्राप्त गर्न सकिनेछ।

डा. रत्न कुमार झा

निमित्त प्रमुख